13/7/2024

National News

<u>मुख्य समाचार:-</u>

- सात  राज्यको तेह्रबटा विधानसभा आसनको परिणाम घोषित
- केन्द्रीय गृह मन्त्रीले भाइब्रेन्ट भिलेज कार्यक्रमको बैठकको गर्नुभयो  अध्यक्षता
- भारतीय सेनाले गऱ्यो **उत्कृष्ट** हतियार उपकरणको प्रदर्शनी
- आयकर विभागले गर्यो छ लाख  पैतालीस  हजार करोड़ रुपयाँ भन्दा अधिक कर एकत्र
- मुख्य न्यायाधीशले भन्नुभयो, कानूनको सिद्धान्तबारे मानिसलाई समझाउँन सकिदैन भने कानूनी शिक्षामा कमी हो

## नया उपचुनाव

सात  राज्यको तेह्रबटा विधानसभा सीटका लागी बुधवार भएको उप चुनावमा कंग्रेस र तृणुमूल कंग्रेसले चार-चार सीट जीतेका छन् । भारतीय जनता पार्टीका उम्मेदवारले दुईबटा सीट  जीते भने आम आदमी पार्टी अनि डी.एम.के-ले एक-एक सीटमा जीत दर्ता गरेको छ । बिहार रूपौली विधानसभा सीटबाट निर्दलीय उम्मेदवार श्री शंकर सिंहले आफ्नो **निकटतम** प्रतिद्वन्द्वी जनता दल यूनाइटेडका उम्मेदवार श्री  कलाधर प्रसाद मंडललाई आठ हजार दुई सय छयालीस  मतले पराजित  गर्नुभएको छ। पंजाबमा सत्तारूढ आम आदमी पार्टीले जालन्धर पश्चिम आरक्षित विधानसभा सीटमा जीतेको छ । हिमाचल प्रदेशमा सत्तारूढ कंग्रेसले देहरा अनि नालागढको विधानसभा सीट  जीतेको भने भारतीय जनता पार्टीले हमीरपुर विधानसभा सीटमा जीत दर्ता गरेको छ ।
पश्चिम बंगालमा सत्तारूढ तृणमूल कंग्रेसले रायगन्ज, राणाघाट दक्षिण, मानिकतला अनि बागदा सीट  जीतेको छ। उत्तराखण्डको बद्रीनाथ अनि मंगलौर विधानसभा सीटमा कंग्रेस उम्मेदवारले जीत दर्ता गरेको छ । मध्य प्रदेशमा भारतीय जनता पार्टीका उम्मेदवार श्री  कमलेश प्रताप शाहले अमरवाडा सीटमा जीत प्राप्त गर्नुभएको छ।

## शाह-वाइब्रेन्ट विलेज

केन्द्रीय गृह मन्त्री श्री अमित शाहले भाइब्रेन्ट भिलेज कार्यक्रमको कार्यान्वयनको समीक्षाका लागि आज नयाँ दिल्लीमा एउटा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा श्री शाहले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार देशका सीमावर्ती गाउँहरूको सर्वांगीण विकासका लागि प्रतिबद्ध छ। उहाँले स्थानीयवासीलाई रोजगारको अवसर प्रदान गर्ने र सीमावर्ती गाउँबाट पलायनलाई रोक्नका लागि सहभागिता बढ़ाउने आवश्यकतामा जोड दिनुभयो। श्री शाहले भन्नुभयो, सीमावर्ती गाउँको छेउछाउमा तैनात केन्द्रीय सशस्त्र पुलिस बल र  सेनाका सहकारी समितीहरूका माध्यमले स्थानीय कृषि अनि हस्तशिल्प उत्पादको खरीदलाई प्रोत्साहित गर्नु पर्छ।   मन्त्रीले भन्नुभयो, छेउछाउका गाउँवासीहरूलाई सेना र सी.ए.पी.एफ-का लागि उपलब्ध स्वास्थ्य सुवीधाहरूको लाभ मिल्नु पर्छ। भाइब्रेन्ट भिलेज कार्यक्रम अरुणाचल प्रदेश, हिमाचल प्रदेश, सिक्किम, उत्तराखण्ड र लद्दाखका उन्नाइस  जिल्लाका छयालीसबटा खण्डहरूबाट चयनित गाउँको व्यापक विकासका लागि केन्द्र प्रायोजित योजना हो।

## 9 तेलंगाना - कोयला खदान

तेलंगानाका उपमुख्यमन्त्री एवं ऊर्जा मन्त्री श्री भट्टी विक्रमार्कले नैनी परियोजनासंग जोड़िएको **लम्बित** मुद्दाको समाधानका लागि हिजो ओडिसाका मुख्यमन्त्री श्री मोहन चरण माझीसीत भेटघाट गर्नुभयो। यो राज्यको ऊर्जा आवश्यकतालाई पूरा गर्न सिंगरेनी कोल कोलियरीज लिमिटेडका लागि महत्वपूर्ण छ। नैनी परियोजनामा सिंगरेनीका विभिन्न समस्याको सामना गर्नुपर्ने हुन्छ। उपमुख्यमन्त्रीले यी मुद्दामा ओडिसाका मुख्यमन्त्रीसीत चर्चा पनि गर्नुभयो। बैठकमा वन भूमिको हस्तानतरणका लागि छिट्टै स्वीकृती प्राप्त गर्नमा ध्यान केन्द्रित गरियो। साथै बैठकमा रूखहरूको गन्ती, बिजुली लाइनको पुनर्निर्माण र सिंगरेनी द्वारा प्रस्तावित बिजुली संयन्त्रका लागि भूमि आवन्टन जस्ता मुद्दामाथि पनि चर्चा गरियो।

## करगिल विजय दिवस

भारतीय सेनाले लद्दाखमा करगिल विजय दिवसको रजत जयन्ती भन्दा पहिला करगिल हेलीपेडमा 'अपनी सेना को जानें' नामक एउटा उत्कृष्ट हतियार अनि उपकरण प्रदर्शनी आयोजित गर्यो। आठ माउन्टेन डिवीजन-का जी.ओ.सी मेजर जनरल सचिन मलिक यस कार्यक्रमका मुख्य अतिथि हुनुहुनथ्यो। यस आयोजनमा एक सय एकाइस इन्फैन्ट्री ब्रिगेडका ब्रिगेडियर प्रतीक पराशर र अन्य सेना अधिकारी पनि शामेल हुनुहुनथ्यो। यस प्रदर्शनीलाई हेर्नका लागि विभिन्न विद्यालय, करगिल डिग्री कलेज, डिग्री कलेज ज़ान्स्कर र एन.सी.सी क्याडेट सहित विभिन्न मानिसहरूको उपस्थिती रहेको थियो । यसै अन्तर्गत भारतीय सेना र वायु सेनाका नयाँ हतियारहरू तथा उपकरणको प्रदर्शन पनि गरियो।

## संशो. आयकर संग्रहण

आयकर विभागले वित्त वर्ष दुई हजार चौबीस पचीसका लागि प्रत्यक्ष करका रूपमा छ लाख पैतालीस हजार करोड़ रुपयाँ भन्दा अधिक कर एकत्र गरेको छ । यस महीनाको एघाह्र तारीख सम्म सत्तरी हजार नौ सय दुई करोड़ रुपियाँ कर वापसी भएको छ। आयकर विभाग द्वारा बताइएअनुसार, कुल संग्रह राशिमा दुई लाख पैंसट्ठी हजार तिन सय छत्तिस करोड़ रुपयाँ कर्पोरेट कर, तीन लाख एकसट्ठी हजार आठ सय बयासट्ठी करोड़ रुपियाँ व्यक्तिगत आयकर र एक हजार चार सय छब्बीस करोड़ रुपियाँ अन्य कर शामेल छ। पूर्ण प्रत्यक्ष कर संग्रहमा लगभग बीस प्रतिशतको वृद्धि दर्ता गरिएको छ, जो पाँच लाख चौहत्तर हजार करोड़ रुपियाँ भन्दा अधिक छ ।

## 30 हरियाणा- सिया गिरफ्तार

हरियाणामा जीन्द जिल्लाको सफीदोंको अपराध जाँच एजेन्सीले नौ क्विन्टल नशालु पदार्थका साथ दुई आरोपीहरूलाई पक्रउ गरेको छ। यसको मूल्य सैंतिस देखी चालीस लाख रुपियाँ बीच छ । पर्का परेका आरोपीको पहिचान पंजाबको सङगरूर निवासी सुन्दरपाल उर्फ सिन्दर र रिन्कू सिंहका रूपमा भएको छ।

पुलिस उप अधीक्षक श्री रोहतास ढुलले बताउनुभएअनुसार, सूचनाका आधारमा duty मेजिस्ट्रेट श्री देवेन्द्र कुमारको उपस्थितीमा निर्जन निवासी श्री सुरेशको घरको जाँच गरिएको थियो जहाँ घरको एउटा कोठामा आठबटा प्लास्टिकको बोरा फेला पारियो भने अर्को कोठामा साट्ठीबटा बोरामा अफीम भेटिएको छ ।

## 41 उत्तर प्रदेश मुख्य न्यायाधीश

सर्वोच्च न्यायालयका प्रधान न्यायाधीश न्यायमूर्ती डी.वाई. चन्द्रचूड़ले भन्नुभयो, यदि कानूनको सिद्धान्त आम जनतालाई सरल शब्दमा समझाउँन सकिदैन भने, त्यो कानूनी पेशा अनि कानूनी शिक्षामा कमी हो । लखनऊमा डा. राम मनोहर लोहिया राष्ट्रीय विधि विश्वविद्यालयको दीक्षान्त समारोहमा आफ्नो सम्बोधनमा मुख्य न्यायाधीशले क्षेत्रीय भाषाहरूमा कानूनको शिक्षा दिने आवश्यकतामा जोड दिनुभयो। यस अवसरमा प्रधान न्यायाधीश न्यायमूर्ती चन्द्रचूड़ अनि उत्तर प्रदेशका मुख्यमन्त्री श्री योगी आदित्यनाथले विद्यार्थीहरूलाई डिग्री प्रदान गर्नुभयो। न्यायमूर्ती चन्द्रचूडले भन्नुभयो, कानून पढ़ाउदाँ हामीले क्षेत्रीय भाषामा पनि विचार गर्नुपर्छ र आर.एम.एल.एन.एल.यू –लाई हिन्दीमा एल.एल.बी पाठ्यक्रम शुरू गर्नुपर्छ अनि हाम्रा विश्वविद्यालयमा क्षेत्रीय मुद्दासंग जोड़ीएका कानून पनि पढ़ाइनु पर्छ। उहाँले , मुख्य न्यायाधीशको तहमा न्याय प्रक्रियालाई आम मानिसका लागि र अधिक सुलभ बनाउनका लागि विभिन्न निर्देश जारी गरिएको पनि बताउनुभयो।

## दिल्ली विश्वविद्यालय

दिल्ली विश्वविद्यालय अकादमिक परिषदको एक हजार अठारौं बैठकको आयोजना गरियो जसमा परिषदका सदस्यले अलग-अलग मुद्दामा चर्चा गरे। प्रोफेसर श्री योगेश सिंहको अध्यक्षतामा बैठक आयोजित गरियो । बैठकको शुरूमा कुलपतिले अलग-अलग विषयमा तयार गरिएको रिपोर्ट प्रस्तुत गर्नुभयो अनि सबैले आ-आफ्नो सुझाव साझा गरे । इसै अन्तर्गत प्रोफेसर श्री योगेश सिंहले बताउनुभयो, डीयूमा पहिलो पल्ट अन्डरग्रेजुएट लेवलमा रूसी प्रोग्राम शामेल गरिएको छ । यस प्रोग्रामको शैक्षणिक सत्र दुई हजार चौबीस पचीस देखी लागू गरिनेछ।

यसका अतिरिक्त , कुलपतिले बताउनुभयो, डीयूका छात्रले अब एकै साथ दुईबटा डिग्री प्राप्त गर्न सक्नेछन् ।